सिमकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सिमकोट, हुम्ला

## शीलबन्दी दरभाउपत्र/वोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७/८/२९**

यस कार्यालयबाट आ.व. २०७७/०७८ मा विभिन्न योजनाहरुको निर्माण कार्य शिलबन्दी दरभाउपत्र/वोलपत्रद्वारा गराउनुपर्ने भएकोले निर्माण व्यवसायी ऐन २०५५ अन्तर्गत दर्ता भएका नेपाल सरकारबाट इजाजतप्राप्त इच्छुक निर्माण व्यवसायीहरुले निम्न शर्तहरुको अधिनमा रही रीतपुर्वकको शीलबन्दी दरभाउपत्र/वोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

**शर्तहरु :**

१. तपशिलमा उल्लेखित रकम (फिर्ता नहुने गरी ) नगदै बुझाई रसीद संलग्न राखी अधावधिक नविकरण भएको ठेक्का ईजाजतपत्र, प्यान नम्बर दर्ता प्रमाण पत्र, मू.अ.कर दर्ता प्रमाणपत्र आ.व.२०७६/०७७ सम्मको कर चुक्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपि संलग्न गरी लिखित निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले सिलबन्दी दरभाउपत्रको हकमा १५ दिन र वोलपत्रको हकमा ३० दिन भित्र सिमकोट गाउँपालिका को कार्यालयबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ।

२. यस कार्यालयबाट खरिद गरेका शीलबन्दी दरभाउपत्र/वोलपत्र फाराम नियमाअनुसार भरी खाममा सिलबन्दी गरी खामको बाहिर कामको विवरण ,ठे.न., शीलबन्दी दरभाउपत्रदाता/वोलपत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी विक्रि गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १२:० बजेसम्म सिमकोट गाउँ पालिकाको कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ। दर्ता भएका शीलबन्दी दरभाउपत्र/वोलपत्र सोहि दिनको २ :० बजे दरभाउपत्रदाता/वोलपत्रदाता स्वयं वा निजकोप्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। शिलवन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि दरभाउपत्र/वोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन।

३. तपशिलमा उल्लेखित धरौटीबापतंको रकम राष्ट्रिय वाणिज्य वैंक, सिमकोट हुम्ला स्थित सिमकोट गाउँ पालिकाको कार्यालयको नाममा रहेको धरौटी खाता नं. ४१९०१००३०३००००३ नगद जम्मा गरेका सक्कल बैक भौचर वा यस कार्यालयको नाममा ने.रा.बैंकबाट मान्यता प्राप्त बाणिज्य बैकले जारी गरेको शिलवन्दी दरभाउपत्रको हकमा कम्तीमा ७५ दिन र वोलपत्रको हकमा १२० दिन म्याद भएको बिड बन्ड प्रत्येक दरभाउपत्र/वोलपत्र साथ संलग्न गनुपर्नेछ।

४. सिलबन्दी दरभाउपत्र/वोलपत्र शर्त रहित, प्रत्येक आईटममा प्रस्टसंग भरिएको, दरभाउपत्र लगायत कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ। दररेट सच्याउनु परेमा दस्तखत भएको हुनुपर्नेछ । समय भित्र प्राप्त नभएको , रीत नपुगेको , सूचनाको सर्त विपरित भएको दरभाउपत्र/वोलपत्र माथि कुनै कारवाही हुने छैन।

५. नेपाल सरकारलाई तिर्न बुझाउनुपर्ने सबै प्रकारका करहरु र स्थानीय स्तरमा तिर्नुपर्ने सबै प्रकारका करहरु दरभाउपत्र/वोलपत्र मा उल्लेख गरिएको दररेटमा भ्याटवाहेक समावेश गरिएको मानिने छ।

६. शीलबन्दी दरभाउपत्रदाता/वोलपत्रदाताले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझि दरभाउपत्र भरेको मानिनेछ।

७. दरभाउपत्र/वोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन खरिद र सो को भोलीपल्ट दर्ता गर्न सकिनेछ।

८. दरभाउपत्र/वोलपत्र डकुमेन्ट , स्पेसिफिकेशन , परिमाण सूची (Bill of Quantities) आदिमा - भाषागतसमेत) त्रुटी भएमा वा विषय प्रसंगले अंर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्नेछैन।

९. प्राप्त दरभाउपत्र/वोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१०. शीलबन्दी दरभाउपत्र/वोलपत्र फारामको प्रत्येक पानामा शीलबन्दी दरभाउपत्र /वोलपत्र दाताले छाप सहित सहि गर्नुपर्नेछ।

११. शीलबन्दी दरभाउपत्रदाता/वोलपत्रदाताबाट दरभाउपत्र/वोलपत्रमा उल्लेखित परिमाण सूचीमा प्रत्येक आईटमको दररेट भरी नआएमा त्यस्तो दरभाउपत्र/वोलपत्र उपर कुनै कारवाही हुनेछैन।

१२. शीलबन्दी दरभाउपत्र/वोलपत्रमा नियमानुसार लाग्ने भ्याट बाहेकको दररेट अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ र अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

१३. यसमा उल्लेख नभएको हकमा सार्बजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम हुनेछ।

ठजिर शेकाया
प्रमुख प्रशासकिय अधिकृत

तपशिल

| क्र.सं. | ठेक्का.नं. | योजनाको नाम | अनुमानित ल.ई. ( भ्याट र कन्टिजेन्सी बाहेक) रु. | धरौटी बापतको रकम रु. | वोलपत्र/दरभाउपत्रको दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | १/SRM/२०७७/०७८ | हिल्दुम छहरा देखि ठेहे सम्म सडक निर्माण कार्य | १,०१,६९,३९०।८२ | २,५५,०००। | ३०००। | वोलपत्र |
| २ | २/ SRM /२०७७/०७८ | धारापोरी देखि स्याँडा सम्म सडक निर्माण कार्य | १,१८,६४,२६२।९८ | ३,००,०००। | ३०००। | वोलपत्र |